# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**भरतपुर,चितवन**

प.सं. ०७९/०८० सहकारी/३१०

च.नं. ३४,

**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७९/०८/०८**

भरतपुर महानगरपालिकाले सहकारी संस्थाको मागमा आधारित आयोजना सञ्चालन गर्न बीउपुँजी अनुदान, पुँजीगत अनुदान, कार्यक्रम अनुदान दिन सक्ने हुँदा अनुदान प्राप्त गर्न चाहने सहकारी संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र "सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन कार्यविधि, २०७८(पहिलो संशोधन, २०७९)" को अनुसूची-१ बमोजिमको ढाँचामा सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा दरखास्त पेश गर्नुहुन अनुरोध छ ।

क. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
ख. सम्बन्धित् वडा कार्यालयको सिफारिस,
ग. पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र साधारणसभाको निर्णय प्रतिलिपि,
घ. कर र व्यवसाय कर चुक्ताको प्रमाणपत्र,
ङ. आयोजनाको प्रस्ताव,
च. सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर खुलेको विवरण,
छ. पचास लाखरुपैयाँ भन्दा माथिको कुल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सोभन्दा कम कुल लागत भएको आयोजना भए पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन,
ज. जग्गा प्राप्त गर्नुपर्नेमा प्राप्ति खुल्ने कागजात जस्तै निजि जग्गा भए जग्गा करार सम्झौता र सार्वजनिक जग्गा भए सम्वन्धित वडा कार्यालयको सिफारिस,
झ. "सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन कार्यविधि, २०७८(पहिलो संशोधन, २०७९)" को अनुसूची – २ बमोजिम आयोजनाको विवरण ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)